**संघीय संसद्**

# राष्ट्रिय सभा

**छैटौं अधिवेशन**

**बैठक - ०८**

## सूचना पत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ जेठ ६ गते मङ्गलबार**

---

संघीय संसद्, राष्ट्रिय सभाको **छैटौं अधिवेशन**को **आठौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **बिहान ११:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेलले सभा समक्ष प्रस्तुत गर्नुभएको "सम्माननीय राष्ट्रपतिले सम्वत् २०७७ जेठ २ गते शुक्रबारका दिन संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०७७/०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलको क्रम जारी रहेको जानकारी गराउनु हुँदै उक्त आ. व. २०७७/०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो ।

१. मा. दीनानाथ शर्मा

२. मा. राधेश्याम अधिकारी

३. मा. सुमन राज प्याकुरेल

४. मा. ठगेन्द्र प्रकाश पुरी

५. मा. भगवती शर्मा

६. मा. नन्दा चपाई

७. मा. माया प्रसाद शर्मा

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिले २०७७ जेठ २ गते संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ. व. २०७७/०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सभाको बैठक दिनको २:०० बजे सम्मका लागि स्थगित भएको जानकारी गराउनुभयो ।

दिनको २:०० बजे बस्ने गरी स्थगित भएको सभाको बैठक सम्माननीय अध्यक्षको अध्यक्षतामा अपराह्न ३:४५ बजे प्रारम्भ भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिले सम्वत् २०७७ जेठ २ गते शुक्रबारका दिन संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०७७/०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका विषयहरूका सम्बन्धमा जवाफ दिन सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीलाई समय उपलब्ध गराउनुभयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले दिनुभएको जवाफका सम्बन्धमा छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले स्पष्टीकरण माग गर्न चाहनु हुने निम्न बमोजिमका माननीय

सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो ।

१. मा. अनिता देवकोटा
२. मा. जितेन्द्रनारायण देव
३. मा. तारादेवी भट्ट
४. मा. प्रकाश पन्थ
५. मा. रमेश जंग रायमाझी
६. मा. मृगेन्द्र कुमार सिंह यादव
७. मा. प्रमिला कुमारी
८. मा. कोमल वली

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीलाई माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासाका सम्बन्धमा स्पष्ट पार्न समय उपलब्ध गराउनु हुँदै आर्थिक वर्ष २०७७।०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०७७/०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथि पेश भएका संशोधन प्रस्तावहरूलाई निर्णयार्थ प्रस्तुत गर्ने क्रममा देहायका संशोधनकर्ता माननीय सदस्यहरूलाई आफ्ना संशोधन प्रस्ताव फिर्ता लिन चाहेमा फिर्ता लिन समय उपलब्ध गराउनुहुँदा संशोधनकर्ता कुनै पनि माननीय सदस्यहरूले फिर्ता लिन नचाहनु भएपछि सम्माननीय अध्यक्षले उक्त संशोधन प्रस्तावहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भएको घोषणा गर्नुभयो ।

१. माननीय प्रमिला कुमारी

२. माननीय अनिता देवकोटा सहित ४ जना माननीय सदस्य

३. माननीय शेखर कुमार सिंह सहित २ जना माननीय सदस्य

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट गरिएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०७७/०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले  राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम ८९ बमोजिम अध्यादेश अस्वीकार गर्ने सम्बन्धी माननीय सदस्यहरूबाट कुनै पनि सूचना प्राप्त नभएको जानकारी गराउनु हुँदै माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेलाई "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७ स्वीकृत गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेले पेश गर्नु भएको "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७ लाई स्वीकृत गरियोस्" भन्ने प्रस्तावलाई राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम ९२ को उपनियम (३) बमोजिम निणयार्थ पेश गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७" सभाबाट स्वीकृत भएकोले राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम ८८ बमोजिम मिति २०७७ वैशाख २६ गते सभामा पेश भएको "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७" र "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७७" का सम्बन्धमा सभामा थप कुनै पनि कारवाही गरिरहनु नपर्ने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक २०७७ साल जेठ ७ गते बुधबार बिहान ११:०० बजे बस्ने गरी अपराह्न ५:२० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**
**संघीय संसद्को महासचिव**

संघीय संसद्

# राष्ट्रिय सभा

**छैटौं अधिवेशन**

**बैठक - ०९**

## सूचना पत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ जेठ ७ गते बुधबार**

---

संघीय संसद्, राष्ट्रिय सभाको **छैटौं अधिवेशन**को **नवौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **बिहान ११:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. नन्दा चपाई**ले गर्भवती महिला र कोरोना भाइरसका बिरामी जाँच गर्ने ठाउँ फरक-फरक बनाउनुपर्ने माग गर्नुभयो ।

**मा. प्रकाश पन्थ**ले विदेशमा अलपत्र परेका नेपालीलाई प्राथमिकताका आधारमा तत्काल उद्दार गरी नेपाल ल्याउनुपर्ने माग गर्नुभयो ।

**मा. मायाप्रसाद शर्मा**ले जनयुद्धका क्रममा राज्यद्वारा सरकारी शिक्षकलाई गरिएको बर्खास्तीलाई ध्यानमा राखी ती शिक्षकहरूको समस्या समाधान गर्नुपर्ने माग गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **शून्य समय**मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै **विशेष समय**मा बोल्नका लागि दलीय आधारमा निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. हरिराम चौधरी**ले सुदूरपश्चिम प्रदेशमा स्वास्थ्य पूर्वाधार कमजोर रहेकोले कोभिड-१९ को सम्भावित जोखिमलाई ध्यानमा राखी भेन्टिलेटर सहितको आईसीयू को तत्काल व्यवस्था गर्नुपर्ने माग गर्नुभयो ।

**मा. जितेन्द्रनारायण देव**ले वैदेशिक रोजगारीमा गएका तर रोजगारीविहीन भएर बसेका नेपाली नागरिकलाई तत्काल स्वदेश फिर्ता ल्याउनुपर्ने माग गर्नुहुँदै पीसीआर परीक्षणलाई व्यापक बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. शेखर कुमार सिंह**ले कोरोनाको जोखिमबाट मुक्ति पाउन प्रदेश नं. २ मा रहेका नाकाको प्रभावकारी व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. रामनारायण विडारी**ले नेपालको सीमा अतिक्रमण धेरै पहिलेदेखि भएकोले उपरान्त अन्तर्राष्ट्रिय कानूनको मान्यता, नदीको सर्वमान्य सिद्धान्त, असलग्न परराष्ट्र नीति र संयुक्त राष्ट्र संघको सदस्यको हैसियतले गुमेको भूभाग तत्काल फिर्ता गर्न कूटनीतिक पहल गर्नुपर्ने माग गर्नुहुँदै गाउँगाउँमा उत्पादित तरकारी तथा अन्य बाली सरकारले स्वयं खरिद गरी शहरमा बिक्री-वितरण गर्ने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **विशेष समय**मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम १३ बमोजिम कार्यव्यवस्था परामर्श समितिमा देहाय वमोजिम माननीय सदस्यहरूको नाम मनोनयन गर्नुभएको जानकारी गराउनुभयो ।

१. मा. अनिता देवकोटा
२. मा. गोपी बहादुर सार्की आछामी
३. मा. प्रकाश पन्थ
४. मा. शेखर कुमार सिंह

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रस्तावित नामहरुलाई सभाको सहमतिका लागि अनुरोध गर्नुहुँदै प्रस्तावित नामहरुलाई सभाको सहमति भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति परशुराम मेघी गुरुङलाई "नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६" सम्बन्धी समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुषाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ भएको र उक्त क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु हुँदै छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो ।

१. मा. ठगेन्द्र प्रकाश पुरी २. मा. उदया शर्मा/पौडेल ३. मा. डा. विमला राई पौड्याल

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुषाललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै प्रस्तावमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुषाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ भएको र उक्त क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु हुँदै छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो ।

१. मा. ठगेन्द्र प्रकाश पुरी २. मा. रामनारायण विडारी

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुषाललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै प्रस्तावमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५ र "बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५" माथि संशोधन प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यहरुले राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून. न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "नेपाल विशेष सेवा विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "नेपाल विशेष सेवा विधेयक, २०७६" माथि छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषंगिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा समेत जानकारी गराउनु हुँदै

उक्त छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

१. मा. प्रमिला कुमारी  २. मा. कोमल वली

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून. न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै "नेपाल विशेष सेवा विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "नेपाल विशेष सेवा विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ५७ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "नेपाल विशेष सेवा विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ५७ सम्म उल्लिखित संशोधनहरूलाई "नेपाल विशेष सेवा विधेयक, २०७६ को अंग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि १०८ सम्मका दफालाई "नेपाल विशेष सेवा विधेयक, २०७६ को अंग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयो ।

"प्रस्तावना : मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय हित, राष्ट्रिय एकता र राष्ट्रिय स्वाधीनताको संरक्षण एवं सम्वर्द्धन तथा शान्ति सुव्यवस्था कायम गर्न आवश्यक सूचना संकलन र विश्लेषण गरी सर्वसाधारणको हित कायम गर्न नेपाल विशेष सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा प्रचलित कानूनी व्यवस्थालाई संशोधन तथा एकीकरण गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।"

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल विशेष सेवा ऐन, २०७६" रहेको छ ।
(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम "नेपाल विशेष सेवा विधेयक, २०७६ को अंग बनोस्" भनी निर्णयार्थ गर्नुहुँदा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून. न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेलाई "नेपाल विशेष सेवा विधेयक, २०७६ लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय युवा तथा खेलकुद मन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) लाई राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु हुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७७ साल जेठ १२ गते सोमबार बिहान ११:०० बजे बस्ने गरी दिनको १२:१५** बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**

**संघीय संसद्को महासचिव**

**संघीय संसद्**

**राष्ट्रिय सभा**
**छैटौं अधिवेशन**
**बैठक - १०**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ जेठ १३ गते मंगलबार**

---

संघीय संसद्, राष्ट्रिय सभाको छैटौं अधिवेशनको दशौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले "शून्य समय" मा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. मृगेन्द्र कुमार सिंह यादव**ले कोभिड-१९ को महामारी सम्बन्धमा प्रधानमन्त्रीको सम्बोधनले सरकार थोरै गम्भीर भएको देखिएकोमा धन्यवाद दिनुहुँदै पूर्ण कार्यान्वयन गर्नुपर्ने बताउनुभयो ।

**मा. राधेश्याम अधिकारी**ले पश्चिम रुकुममा जाजरकोटका नवराज वि. क. लगायतको टोलीमाथि आक्रमण भई हत्या भएको घटनाप्रति भर्त्सना गर्नुहुँदै दोषीलाई कारवाही तथा पीडित पक्षलाई सहयोग सम्बन्धमा सरकारले गरेको व्यवस्थाको जानकारी माग गर्नुभयो ।

**मा. राधेश्याम पासवान**ले कोरोनाको महामारी फैलिरहेको सन्दर्भमा देशमा दलित वर्गले खाना नपाएर ज्यान समेत गुमाउनु परेको घटनातर्फ ध्यानाकर्षण गराउनुभयो ।

**मा. रामलखन चमार**ले रुकुमको घटनालाई बचाउ गर्ने अभिव्यक्ति दिने प्रदेश सभा सदस्य गोपाल शर्मा र रुपन्देही, देवदह नगरपालिका-११ की १५ वर्षीया बालिकालाई झुण्ड्याएर मार्ने व्यक्तिलाई कडा कारवाहीको माग गर्नुभयो ।

**मा. विना पोखरेल**ले सिंहदरबारभित्रबाटै विभेद र असमानताको अन्त्य गरी समानताको अनुभूति दिलाउनुपर्ने माग गर्नुभयो ।

**मा. डा. विमला राई पौड्याल**ले कोरोना महामारीका सम्बन्धमा "सामाजिक दूरी" को सट्टा "भौतिक दूरी" भन्ने शब्दको प्रयोग गर्नुपर्ने बताउनु हुँदै एसईई र कक्षा ११ को परीक्षा रोकिँदा विद्यार्थीहरू "डिप्रेशन" मा गएकोले सो सम्बन्धमा गरेको वैकल्पिक व्यवस्था सम्बन्धमा शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. शेर बहादुर कुँवर**ले "पश्चिम रुकुम घटना" का दोषीहरूलाई कारवाहीको माग गर्नुभयो ।

**मा. सिंग बहादुर विश्वकर्मा**ले अन्तरजातीय विवाहको विषयलाई लिएर घटना घटाउने व्यक्तिहरूलाई कारवाही गर्नुपर्ने माग गर्नुभयो ।

**मा. सुमनराज प्याकुरेल**ले चुरे पर्वतबाट निस्कने नदीहरूलाई ठाउँठाउँमा बाँध बाँध्न सकेमा त्यसबाट सिंचाई उपलब्ध हुने र कृषि क्षेत्रलाई उकास्न सहयोग पुग्नेतर्फ नेपाल सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. सुमित्रा बि. सी.** ले दिउँसो क्वारेन्टाइनमा बस्ने पुरुषहरूले रातमा घर गई महिला हिंसा गरेको बताउनुहुँदै सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनुभयो ।

**मा. हरिराम चौधरी**ले कोरोना महामारीको समयमा सुदूरपश्चिममा हजारौं संख्यामा नागरिक देश भित्रिरहेका तर भीटीएम र कीटको अभावले परीक्षण गर्न समस्या भएकोतर्फ सरकारको ध्यानाकर्षण गराउनु हुँदै कैलाली जिल्लामा एक

महिना अगाडि एक शिक्षकमाथि भएको घटनाप्रति हालसम्म छानबिन नभएकोतर्फ गृह मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री रामबहादुर थापाले समसामयिक विषयमा बोल्नको लागि समय माग गर्नु भएको जानकारी गराउनु हुँदै उहाँलाई बोल्न समय उपलब्ध गराउनुभयो ।

माननीय गृह मन्त्री रामबहादुर थापाले "रुकुमको घटना" सम्बन्धी सार्वजनिक महत्वको विषयमा सम्बोधन गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम माननीय गृह मन्त्री रामबहादुर थापाले दिनुभएको वक्तव्यका सम्बन्धमा केन्द्रित रही प्रश्न सोध्न चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरुलाई समय उपलब्ध गराउनुभयो :

| | | |
|---|---|---|
| १. मा. अनिता देवकोटा | ४. मा. खिम कुमार वि. क. | ७. मा. नरपति लुवार |
| २. मा. चक्रप्रसाद स्नेही | ५. मा. प्रकाश पन्थ | ८. मा. राधेश्याम पासवान |
| ३. मा. रामलखन चमार | ६. मा. डा. विमला राई पौड्याल | ९. मा. भैरव सुन्दर श्रेष्ठ |

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री रामबहादुर थापालाई माननीय सदस्यहरुले उठाउनु भएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २७ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिमा राष्ट्रिय सभाबाट प्रतिनिधित्व हुने स्थान मध्ये रिक्त एक स्थानमा माननीय दिनानाथ शर्माको नाम मनोनयन गर्नुभएको जानकारी गराउनु हुँदै प्रस्तावित नामलाई सभाको सहमतिका लागि अनुरोध गर्नुहुँदा सभाको सहमति भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “स्टाण्डर्ड नापतौल (पाँचौं संशोधन) विधेयक, २०७६” माथि राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउनु हुँदै माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टलाई “स्टाण्डर्ड नापतौल (पाँचौं संशोधन) विधेयक, २०७६” र “प्रत्यायन (एक्रिडिटेशन) विधेयक, २०७६” लाई सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुषाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५ र बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेलाई “अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुभयो । सम्माननीय अध्यक्षले उक्त क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु हुँदै उक्त छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

१. मा. ठगेन्द्र प्रकाश पुरी  २. मा. जितेन्द्र नारायण देव  ३. मा. प्रकाश पन्थ

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै प्रस्तावमाथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६" माथि संशोधन प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यहरूले राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून. न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६" माथि छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषंगिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा समेत जानकारी गराउनुभयो । सम्माननीय अध्यक्षले उक्त छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनु हुँदा कुनै पनि माननीय सदस्यले भाग नलिनुभएपछि प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २८ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २८ सम्म उल्लिखित संशोधनहरूलाई "नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६" को अंग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ३२ सम्मका दफालाई "नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ को अंग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयो ।

"प्रस्तावना : नेपाल सरकारले अपनाउने नीति अध्ययन, अनुसन्धान तथा विश्लेषणका आधारमा तर्जुमा हुने व्यवस्था गर्न र शासकीय सुधार गर्दै सुशासन प्रवद्र्धन गर्ने कार्यमा सहयोग गर्न नेपाल नीति अनुसन्धान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।"

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल नीति अनुसन्धान प्रतिष्ठान ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम "नेपाल नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७७ को अंग बनोस्" भनी निर्णयार्थ गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून. न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेलाई "नेपाल नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७७ लाई पारित

गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक दिनको २:०० बजे बस्ने गरी दिनको १२:१५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**

**संघीय संसद्को महासचिव**

**संघीय संसद्**

**राष्ट्रिय सभा**

**छैटौं अधिवेशन**

**बैठक - ११ (दोस्रो बैठक)**

**सूचना पत्र - २**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ जेठ १३ गते मंगलबार**

---

संघीय संसद्, राष्ट्रिय सभाको छैटौं अधिवेशनको एघारौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा दिनको २:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई आर्थिक वर्ष २०७६/०७७ को आर्थिक सर्वेक्षण सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाका पूर्व सदस्य दुर्योधन सिंह चौधरीको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयो :

**शोक प्रस्ताव**

"वि.स. २०४८, २०५१ र २०५६ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा रुपन्देही जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित पूर्व सदस्य दुर्योधन सिंह चौधरीको ७० वर्षको उमेरमा मिति २०७७ साल जेठ ९ गते शुक्रबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

स्व. चौधरी नेपाली काँग्रेसका नेता तथा नेपाल सरकारका पूर्व राज्य मन्त्री हुनुहुन्थ्यो ।

यो बैठक दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात् सम्माननीय अध्यक्षले उपर्युक्त शोक प्रस्तावलाई पारित गरिदिन अनुरोध गर्नुहुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सभाले स्व. दुर्योधन सिंह चौधरीको आत्माको चीर शान्तिको लागि उठेर एक मिनेट मौन धारण गऱ्यो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले मिति २०७७ जेठ १५ गते बिहीबार अपरान्ह ४:०० बजे संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा माननीय अर्थमन्त्रीबाट नेपालको संविधानको धारा ११९ बमोजिम आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको अनुमान (बजेट) पेश गर्ने कार्यक्रम रहेको जानकारी गराउनु हुँदै राष्ट्रिय सभाका सम्पूर्ण माननीय सदस्यहरुलाई उक्त दिन दिनको ३:३० बजे अगावै प्रतिनिधि सभा बैठक कक्षमा उपस्थित भई आ-आफ्नो आसन ग्रहण गर्न जानकारी गराउनुभयो ।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् २०७७ साल जेठ १५ गते बिहीबार साँझ ६:३० बजे बस्ने गरी दिनको २:५० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**

**संघीय संसद्को महासचिव**

**संघीय संसद्**

**राष्ट्रिय सभा**

**छैटौं अधिवेशन**

**बैठक - १२**

**सूचना पत्र - २**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ जेठ १५ गते बिहीबार**

---

संघीय संसद्, राष्ट्रिय सभाको छैटौं अधिवेशनको बाह्रौं बैठक सम्मानननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा साँझ ७:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्मानननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई आगामी आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमानको प्रति टेबुल गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्मानननीय अध्यक्षले आगामी आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) माथि छलफल गर्न र माननीय अर्थमन्त्रीबाट जवाफ दिनको लागि मिति २०७७ जेठ १८ र १९ गतेका दिनहरू निर्धारण गरिएको व्यहोरा जानकारी गराउनु हुँदै उक्त छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूलाई बैठक शुरु हुनु अगावै दलीय आधारमा कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा नाम उपलब्ध गराइदिन जानकारी गराउनुभयो ।

तदनन्तर, सम्मानननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् २०७७ साल जेठ १८ गते आइतबार बिहान ११:३० बजे बस्ने गरी साँझ ७:०५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**

**संघीय संसद्को महासचिव**

**संघीय संसद्**

**राष्ट्रिय सभा**

**छैटौं अधिवेशन**

**बैठक - १३**

**सूचना पत्र - २**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ जेठ १८ गते आइतवार**

---

संघीय संसद्, राष्ट्रिय सभाको छैटौं अधिवेशनको तेह्रौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा बिहान ११:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई "आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) माथि सामान्य छलफल गरियोस्'" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाले पेश गर्नुभएको आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको सामान्य छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा भाग लिनका लागि दलीय आधारमा निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो ।

१. मा. नारायण काजी श्रेष्ठ
२. मा. जितेन्द्र नारायण देव
३. मा. दिल कुमारी रावल थापा (पार्वती)
४. मा. विमला घिमिरे
५. मा. मृगेन्द्र कुमार सिंह यादव
६. मा. भैरव सुन्दर श्रेष्ठ
७. मा. खिमकुमार वि. क.
८. मा. प्रमिला कुमारी
९. मा. चक्रप्रसाद स्नेही
१०. मा. गंगा कुमारी बेलबासे
११. मा. परशु राम मेघी गुरुङ
१२. मा. रामनारायण विडारी
१३. मा. राधेश्याम पासवान
१४. मा. कोमल वली
१५. मा. प्रकाश पन्थ
१६. मा. माया प्रसाद शर्मा
१७. मा. इन्दु कडरीया
१८. मा. भगवती न्यौपाने
१९. मा. विना पोखरेल
२०. मा. तारा देवी भट्ट
२१. मा. तुलसा कुमारी दाहाल
२२. मा. विमला राई पौड्याल
२३. मा. उदया शर्मा/पौडेल
२४. मा. बेदुराम भुषाल

तत्पश्चात्, सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको सामान्य छलफलमा माननीय सदस्यहरू बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा पनि जारी रहने जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् २०७७ साल जेठ १९ गते सोमबार बिहान ११:०० बजे बस्ने गरी अपरान्ह ३:१० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**

**संघीय संसद्को महासचिव**

# संघीय संसद्
# राष्ट्रिय सभा
# छैटौं अधिवेशन
# बैठक - १४
# सूचना पत्र - २
# (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७७ जेठ १९ गते सोमवार**

संघीय संसद्, राष्ट्रिय सभाको छैटौं अधिवेशनको चौधौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**ले पेश गर्नुभएको आर्थिक वर्ष २०७७।०७८ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको सामान्य छलफल जारी रहेको जानकारी गराउनु हुँदै छलफलमा भाग लिनका लागि दलीय आधारमा निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

१. मा. सुमन राज प्याकुरेल
२. मा. रमेशजङ्ग रायमाझी
३. मा. देवेन्द्र दाहाल
४. मा. सुमित्रा बि. सी.
५. मा. शेखरकुमार सिंह
६. मा. रामलखन चमार
७. मा. जीवन बुढा
८. मा. गोपीबहादुर सार्की अछामी
९. मा. रामचन्द्र राई
१०. मा. अनिता देवकोटा
११. मा. दिपा गुरुङ्ग
१२. मा. जगप्रसाद शर्मा
१३. मा. नन्दा चपाईं
१४. मा. तारामान स्वार
१५. मा. नरपति लुवार
१६. मा. हरिराम चौधरी
१७. मा. ठगेन्द्र प्रकाश पुरी
१८. मा. शेरबहादुर कुँवर
१९. मा. नैनकला ओझा
२०. मा. महेश कुमार महरा
२१. मा. कविता बोगटी
२२. मा. खिमलाल भट्टराई

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्रीले पेश गर्नुभएको आर्थिक वर्ष २०७७।०७८ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको सामान्य छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै माननीय सदस्यहरूले उठाउनु भएका विषयका सम्बन्धमा जवाफ दिन **माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**लाई समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्रीको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय दिनुहुँदै आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको सामान्य छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्नु हुने व्यहोरा समेत जानकारी गराउनुभयो । निम्न बमोजिमका माननीय सदस्यहरूले स्पष्टीकरण माग गर्नुभयो :

१. मा. अनिता देवकोटा
२. मा. प्रकाश पन्थ
३. मा. रमेशजंग रायमाझी
४. मा. सुमनराज प्याकुरेल
५. मा. डा. विमला राई पौड्याल
६. मा. रामनारायण विडारी
७. मा. शेरबहादुर कुँवर
८. मा. रामचन्द्र राई

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**लाई माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासाका सम्बन्धमा स्पष्ट पार्न समय उपलब्ध गराउनु हुँदै आर्थिक वर्ष २०७७।०७८ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले अर्को बैठक **२०७७ साल जेठ २० गते मङ्गलवार बिहान ११:०० बजे** बस्ने गरी दिनको २:१५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

**(डा. भरतराज गौतम)**

**संघीय संसद्को महासचिव**

**संघीय संसद्**

**राष्ट्रिय सभा**

**छैटौं अधिवेशन**

**बैठक - १५**

**सूचना पत्र - २**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ जेठ २० गते मङ्गलवार**

---

संघीय संसद्, राष्ट्रिय सभाको छैटौं अधिवेशनको **पन्ध्रौं बैठक** सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा **बिहान ११:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **शून्य समयमा** बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. इन्दु कडरिया**ले भारतबाट फर्कनेहरूको पीसीआर नै नगरी नेपाल भित्रिने क्रम बढेकोले थप जोखिम निम्तिएकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. कोमल वली**ले कोरोना कहरले ग्रस्त प्रदेश नं. ५ मा कीटको अभाव भएकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. उदया शर्मा/पौडेल**ले कोरोना भाइरसको संक्रमणको समयमा समेत जोखिम मोलेर निरन्तर सेवामा खटिरहेका संसद् सेवा लगायतका कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गरी उनीहरूको मनोबल उच्च बनाउनुपर्ने बताउनु हुँदै विभिन्न सार्वजनिक निकायमा अस्थायी सेवामा कार्यरत कर्मचारीहरू कटौती गर्ने सुनिन आएकोले उक्त रोजगारी कटौती नीति उपयुक्त नहुने बताउनुभयो ।

**मा. खिमकुमार वि. क.** ले रुकुम घटनामा दलितको हत्या भएको विषयमा ध्यानाकर्षण गराउनुभयो ।

**मा. चक्रप्रसाद स्नेही**ले रूकुममा दलितमाथि भएको वर्वर हत्याकाण्डको विषयमा ध्यानाकर्षण गराउनुभयो ।

**मा. तारादेवी भट्ट**ले सुदूरपश्चिममा कोरोना संक्रमण बढ्दा समेत सरकारले ध्यान नदिएको आरोप लगाउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै **विशेष समयमा** बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. नारायणकाजी श्रेष्ठ**ले मिचिएको भूभाग फिर्ता लिने सम्बन्धमा सरकारले ल्याएको संविधान संशोधन विधेयक ऐतिहासिक भएको बताउनु हुँदै भारतलाई वार्ताका लागि अपिल गरी कूटनीतिक माध्यमबाट विवादित विषय समाधान गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले वर्तमान अवस्थामाथि दृष्टिगत गरी सांसदहरूले समेत भत्ता लिन नहुने बताउनुभयो ।

**मा. अनिता देवकोटा**ले लिपुलेक तथा लिम्पियाधुराको भूमि फिर्ता ल्याउनुपर्ने विषयमा आफ्नो दलको पूर्ण समर्थन रहेको बताउनु हुँदै रोल्पाको बम विस्फट भई विभत्स हत्या भएका बालबालिकाको परिवारलाई क्षतिपूर्ति दिनुपर्ने माग गर्नुभयो । उहाँले बाल विकासका शिक्षिकाहरूले न्यूनतम तलब समेत नपाएकोतर्फ ध्यानाकर्षण गराउनुभयो ।

**मा. भैरव सुन्दर श्रेष्ठ**ले रूकुम घटनाका दोषीलाई कानूनको कठघरामा ल्याउनुपर्ने माग गर्नुभयो ।

**मा. शेखर कुमार सिंह**ले प्रदेश नं. २ मा भारतबाट आउनेहरूको चाप बढेसँगै कोभिड-१९ को समेत जोखिम बढेको तर्फ ध्यानाकर्षण गराउनु हुँदै परीक्षणको दायरा बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले सप्तरीमा संस्कृत विद्यापीठ

निर्माण गर्नुपर्ने बताउनु हुँदै सप्तरीकै माताको शक्तिपीठ नजिकै रहेको मादक पदार्थको पसल तत्काल हटाउनुपर्ने माग गर्नुभयो ।

**मा. दिलकुमारी रावल थापा (पार्वती)** ले लकडाउनको समयमा ठूलो संख्यामा गर्भवती महिलाहरूले ज्यान गुमाउनु परेकोतर्फ ध्यानाकर्षण गराउनु हुँदै सुत्केरी महिलाहरूलाई सहज रूपमा सेवा प्रवाह गर्नुपर्ने बताउनुभयो ।

**मा. प्रकाश पन्थ**ले दलित भएकै कारण ज्यान गुमाउनु परेको घटनाले कानूनी राज्यको धज्जी उडाएको बताउनु हुँदै घटनाको निष्पक्ष छानबिनको माग गर्नुभयो । उहाँले तनहुँमा स्थापना भएको वीपी कोइराला श्वासप्रश्वास अस्पताललाई प्रविधियुक्त बनाई कोभिड-१९ को उपचारार्थ प्रयोगमा ल्याउनुपर्ने माग गर्नुभयो ।

**मा. डा. विमला राई पौड्याल**ले लकडाउन अवधिमा तीसजना भन्दा बढी सुत्केरी महिलाको मृत्यु भएकोले गर्भवती र सुत्केरी महिलाको लागि छुट्टै स्वास्थ्य सम्बन्धी निर्देशिका आवश्यक भएको बताउनुभयो । उहाँले डिप्रेशनका कारण धेरैले आत्महत्या गरेको र महिला हिंसा बढेकोले परामर्श सेवाको आवश्यकता औंल्याउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **विशेष समय**मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै **सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फे**लाई **"नेपालको संविधानको धारा ५३ बमोजिम तयार गरिएको आर्थिक वर्ष २०७५।०७६ को नेपाल सरकारको वार्षिक प्रतिवेदन"** सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**लाई **"तथ्याङ्क विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"तथ्याङ्क विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै उक्त क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा समेत जानकारी गराउनुभयो । सम्माननीय अध्यक्षले छलफलमा भाग लिन चाहनुहुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

१. मा. जितेन्द्र नारायण देव
२. मा. रामनारायण विडारी
३. मा. बेदुराम भुसाल
४. मा. ठगेन्द्र प्रकाश पुरी
५. मा. अनिता देवकोटा
६. मा. कोमल वली
७. मा. डा. विमला राई पौड्याल

तत्पश्चात्, सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनु हुँदै **"तथ्याङ्क विधेयक, २०७६, माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"तथ्याङ्क विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"तथ्याङ्क विधेयक, २०७६"** माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**लाई **"अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन**

**समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु हुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले अर्को बैठक **२०७७ साल जेठ २३ गते शुक्रवार बिहान ११:०० बजे** बस्ने गरी **दिनको १:०० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो।

**(डा. भरतराज गौतम)**

**संघीय संसद्को महासचिव**

**संघीय संसद्**
**राष्ट्रिय सभा**
**छैटौं अधिवेशन**
**बैठक - १७**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ जेठ २५ गते आइतबार**

---

संघीय संसद् राष्ट्रिय सभाको छैटौं अधिवेशनको **सत्रौं बैठक** सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **बिहान ११:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **विशेष समयमा** बोल्नका लागि दलीय आधारमा निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. खिमलाल भट्टराई**ले कोरोना संक्रमण व्यवस्थापनमा स्थानीय निकायले प्रभावकारी भूमिका खेल्न नसकेको अवस्थामा नेपाली सेनालाई जिम्मा दिई अगाडि बढ्नुपर्नेमा जोड दिनुहुँदै भेन्टिलेटरको संख्यामा वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सामाजिक दूरी कायम हुने गरी सम्बन्धित विद्यालयलाई नै एसईई र कक्षा १२ को परीक्षा सञ्चालन गर्न दिनुपर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. रमेश जंग रायमाझी**ले कोरोना रोग उपचारमा खर्च भएको भनिएको रु. १० अर्ब के-केमा खर्च भएको हो, सो सार्वजनिक हुनुपर्ने माग गर्नुहुँदै विदेशबाट आउने व्यक्तिलाई रोक्न प्रधानमन्त्रीले दिनुभएको अभिव्यक्ति दुःखद भएको बताउनुभयो ।

**मा. शारदा देवी भट्ट**ले विदेशबाट आउने र भारतबाट आउने नागरिकबीच गरिएको दुईथरी व्यवस्था विभेदपूर्ण रहेको बताउनुभयो ।

**मा. शेखर कुमार सिंह**ले सीमाको स्थिति अध्ययन गरेर मात्र लकडाउन खुकुलो गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. चक्रप्रसाद स्नेही**ले डडेल्धुरा जिल्लामा भेन्टिलेटरको व्यवस्था सहित पीसीआर परीक्षण बढाई आरडीटी परीक्षण रोक्नुपर्नेतर्फ ध्यानाकर्षण गराउनु हुँदै महाभारत पर्वत संकटमा रहेकोले सरकारले निकुञ्ज वा वन संरक्षण क्षेत्रका रूपमा विकास गर्न कार्यक्रम ल्याउनुपर्ने माग गर्नुभयो ।

**मा. प्रमिला कुमारी**ले महाकाली सन्धि विवादस्पद रहेकोले उक्त सन्धिमा संलग्नलाई कडा कारवाही गर्नुपर्ने माग गर्नुहुँदै "मधेशी" नागरिकलाई होच्याएर राज्यनिर्माण हुन नसक्ने बताउनुभयो ।

**मा. शेर बहादुर कुँवर**ले स्थानीय तहले आफ्नो विकास खर्च काटेर कोरोना संक्रमण रोकथाममा जुटिरहेको बताउनुभयो ।

**मा. मृगेन्द्र कुमार सिंह यादव**ले क्वारेन्टाइनमा चौध दिनसम्म राख्ने तर परीक्षण नगरी घर पठाउने सरकारी निर्णयप्रति आपत्ति प्रकट गर्नुभयो ।

**मा. रामलखन चमार**ले विशेष समयमा उठान गरिएका विषयका सम्बन्धमा सम्बन्धित मन्त्रालयबाट जवाफ नआउनु दुःखद रहेको बताउनु हुँदै जातीय घटनाको अन्त्य गर्न माग गर्नुभयो ।

**मा. रामनारायण विडारी**ले जाजरकोट र रुकुम घटनाका पीडितलाई क्षतिपूर्ति प्रदान नगरिएकोमा आपत्ति प्रकट गर्नुहुँदै जातीय सद्भावमा खलल पुऱ्याउनेलाई कारवाही गर्नुपर्ने माग गर्नुभयो ।

**मा. जीवन बुढा**ले कोरोना महामारीको समयमा आफ्नै पालिकाभित्रका नागरिक समेतलाई व्यवस्थापन गर्न नसकिएकोमा दु:ख व्यक्त गर्नुहुँदै संघ र प्रदेशले स्थानीय सरकारलाई सहयोग नगरेकोमा आरोप लगाउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरण सम्बन्धमा प्राप्त हुन आएको पत्रको व्यहोरा पढेर सुनाउनुभयो :

"संघीय संसद्को दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएको देहाय बमोजिमको विधेयक सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सोको प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयक नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | १ | प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयक | २०७७।२।२० |

मितिः २०७७।२।२०" (डा. हरि पौडेल)

सचिव

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेललाई **"राष्ट्रिय सुरक्षा परिषद्को वार्षिक प्रतिवेदन २०७५।०७६"** सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

लगत्तै, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति परशुराम मेघी गुरुङलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"बीउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५"** सम्बन्धी समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्ट**लाई **"प्रत्यायन (एक्रिडिटेशन) विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"प्रत्यायन (एक्रिडिटेशन) विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै उक्त क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा समेत जानकारी गराउनुभयो । सम्माननीय अध्यक्षले छलफलमा भाग लिन चाहनुहुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

१. मा. जितेन्द्र नारायण देव २. मा. रामनारायण विडारी ३. मा. प्रकाश पन्थ

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्ट**लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनु हुँदै **"प्रत्यायन (एक्रिडिटेशन) विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"प्रत्यायन (एक्रिडिटेशन) विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"प्रत्यायन (एक्रिडिटेशन) विधेयक, २०७६"** माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओली**को तर्फबाट **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुसाल**लाई **"तथ्याङ्क विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु हुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुसाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "विरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनु हुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "विरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५"** माथि छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा समेत जानकारी गराउनुभयो । सम्माननीय अध्यक्षले छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूलाई समय दिनुहुँदा कुनै पनि माननीय सदस्यले छलफलमा भाग नलिनु भएपछि उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"विरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ५ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"विरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ५ सम्म उल्लिखित संशोधनहरूलाई **"विरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ को अंग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि १४ सम्मका दफालाई **"विरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ को अंग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयो :

**"<u>प्रस्तावना</u>:** विरुवा संरक्षण ऐन, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो ऐनको नाम **"विरुवा संरक्षण (पहिलो संशोधन विधेयक, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम **"विरुवा संरक्षण (पहिलो संशोधन) विधेयक,**

**२०७७ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुसाललाई **"विरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ लाई पारित गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले अर्को बैठक **२०७७ साल जेठ २७ गते मङ्गलबार बिहान ११:०० बजे** बस्ने गरी **दिनको १२:५५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**

**संघीय संसद्को महासचिव**

**संघीय संसद्**

**राष्ट्रिय सभा**

**छैटौं अधिवेशन**

**बैठक - १८**

**सूचना पत्र - २**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ जेठ २७ गते मङ्गलबार**

---

संघीय संसद् राष्ट्रिय सभाको छैटौं अधिवेशनको **अठारौं बैठक** सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **बिहान ११:०५ बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नका निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. दीपा गुरुङ**ले कोरोना संक्रमणको समयमा सुत्केरी महिलालाई आवश्यक राहतको व्यवस्था गर्न माग गर्नुभयो ।

**मा. नन्दा चपाई**ले नेपालको सदनमा हिन्दी भाषामा बोल्ने सम्बन्धी संविधानमा भएको व्यवस्थाबारे प्रष्ट पार्न माग गर्नुहुँदै "लिम्पियाधुरा नेपालको होइन" भन्ने सांसदलाई यथाशीघ्र कारवाही गर्नुपर्ने माग गर्नुभयो ।

**मा. नैनकला ओझा**ले किसानका फलफूल तथा तरकारी बारीमा नै कुहिने स्थिति आएकोले सोको उचित व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै **विशेष समय**मा बोल्नका लागि दलीय आधारमा निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. तारामान स्वाँर**ले कोरोना संक्रमणको समयमा अछाम जिल्लाको एक अस्पतालमा कार्यरत **सिद्धार्थ आउजी** नामका कर्मचारीलाई सेवाबाट निकाल्दा निजले आत्महत्या गरेको घटनाको विरोध गर्नुहुँदै दोषीलाई कारवाही तथा पीडित परिवारलाई उचित क्षतिपूर्तिको माग गर्नुभयो । उहाँले राहत प्याकेज ल्याउनुपर्ने माग गर्नुहुँदै पीसीआर परीक्षणको दायरा विस्तार गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. तारादेवी भट्ट**ले आगामी बजेटमा उल्लिखित शीर्षक "न सुरू हुने न कार्यान्वयन हुने" खालका भएको आरोप लगाउनुभयो । उहाँले संसद् बजेट कार्यान्वयको "अनुगमन र ओभरसाइट" गर्ने सशक्त भूमिकामा रहने बिर्सन नहुनेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले माननीयहरूको मानमर्दन हुन नहुनेतर्फ सरकारको ध्यानाकर्षण गराउनु हुँदै मृत्यु भएपछि मात्र कोरोना संक्रमण पुष्टि गर्ने प्रवृत्तिप्रति आपत्ति प्रकट गर्नुभयो ।

**मा. गोपाल भट्टराई**ले रुपन्देहीमा पाँच जनाको विभत्स हत्या भएको घटना निष्पक्ष रूपमा छानबिन गरी दोषीलाई कारवाही गर्न गृह मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. सुमित्रा बि. सी.** ले कोरोना संक्रमणको समयमा राहतमा हिनामिना भएकोले सुधार गर्न सरकारको ध्यानकार्षण गराउनुभयो । उहाँले विनियोजित बजेट तथा अनुदान लक्षित वर्गसम्म जानुपर्ने माग गर्नुहुँदै किसानको लागि सहुलियतपूर्ण ऋणको व्यवस्था हुनुपर्ने माग गर्नुभयो ।

**मा. प्रकाश पन्थ**ले क्वारेन्टाइनलाई प्रभावकारी बनाउँदै परीक्षणको दायरा विस्तार गर्नुका साथै आर्थिक प्याकेजको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले स्वास्थ्य सामग्रीमा भ्रष्टाचार भएको आरोप लगाउनु हुँदै न्यायोचित रूपमा राहत वितरण गर्नुपर्ने माग गर्नुभयो ।

**मा. डा. विमला राई पौड्याल**ले बालविकास केन्द्र सञ्चालनार्थ नेपाल सरकारले स्थानीय तहलाई सशर्त अनुदानसँगै मापदण्ड समेत प्रदान गर्नुपर्ने बताउनु हुँदै पाठ्यपुस्तक छपाइ सम्बन्धमा जानकारी माग गर्नुभयो । उहाँले एसईई र कक्षा ११ तथा १२ को परीक्षा सञ्चालन गर्ने सम्बन्धमा शिक्षा मन्त्रीले सदनमा आएर जानकारी दिनुपर्ने माग गर्नुहुँदै आंशिक प्राध्यापकहरूले कार्तिकदेखिको तलब नपाएको विषय समेत उठान गर्नुभयो ।

**मा. तुलसा कुमारी दाहाल**ले राष्ट्रपतिलाई विवादमा ल्याउनु दुःखद भएको बताउनु हुँदै चुरे क्षेत्रमा पानीको मुहान सुक्दै गएकोले हिउँदको पानी भण्डारण गर्ने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले प्रदेश नं. २ मा थप तीन वटा कोरोना परीक्षण मेशिनको व्यवस्था गर्न माग गर्नुभयो ।

**मा. कोमल वली**ले लाखौं व्यक्तिलाई क्वारेन्टाइनमा राख्न सरकारको क्षमता नभएको बताउनु हुँदै क्वारेन्टाइनमा बस्नेले स्वास्थ्य सम्बन्धी मापदण्ड पूरा गर्न अनुरोध गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६"** माथि राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यहरुबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउनु हुँदै माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश कुमार भट्टराईलाई **"प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६"** लाई सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टलाई "स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनु हुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले कार्यसूचीको क्रमसंख्या ३ मा रहेको विषयलाई **कार्यसूचीबाट हटाइएको** व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले अर्को बैठक **२०७७ साल जेठ २८ गते बुधबार अपराह्न ३:०० बजे** बस्ने गरी **दिनको १२:०५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**

**संघीय संसद्को महासचिव**